# पूर्ण खोपयुक्त जयपृथ्वी नगरपालिका

## कार्य-पत्र

## २०७२ साल आश्विन २४ गते

पूर्ण खोपयुक्त नगरपालिका घोषणा कार्यक्रममा चैनपुर स्वास्थ्य चौकी, सुवेडा स्वास्थ्य चौकी, रिठापाटा स्वास्थ्य चौकी, हेमन्तवाडा स्वास्थ्य चौकी, लुयाँटा स्वास्थ्य चौकीहरुको कार्य पत्र आज मिति २०७२ आविन २४ गते जयपृथ्वी नगरपालिकालाई पूर्ण खोपयुक्त नगरपालिका घोषणा कार्यक्रमका सभा अध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यू, विशिष्ट अतिथि ज्यू, आयोजक ज्यू, राजनीतिक दलका पार्टी प्रतिनिधि ज्यू, कार्यालय प्रमुख ज्यूहरु, स्वास्थ्य कर्मि मित्रहरु, महिला स्वास्थ्य स्वयंसेविका ज्यूहरु, आमा समुहका पदाधिकारी ज्यू, नगरपालिका कार्यालयका प्रमुख तथा कर्मचारी, जिल्ल स्वास्थ्य कार्यालयका प्रमुख तथा सम्पूर्ण कर्मचारीहरु, आदरणीय गुरुवर्ग ज्यूहरु, पत्रकार मित्र ज्यूहरु, सुरक्षा कर्मि ज्यूहरु, सुआहाराका प्रतिनिधि ज्यूहरु, UMN का प्रतिनिधि ज्यूहरु, साइपाल विकास समुहका प्रतिनिधि ज्यूहरु, विद्यार्थी भाई बहिनीहरु, दलित महिला, जनजाती, लगायतका यस समारोहमा उपस्थित हुनु भएका सर्जन बृन्द ज्यूहरु,

जयपृथ्वी नगरपालिकालाई पूर्ण खोपयुक्त नगरपालिका घोषणाका लागि सम्पादन गरिएका कार्यक्रमहरुको विवरण यहाँहरु समक्ष पेश गर्न पाउँदा मलाई साह्रै खुशी लाग्नुका साथै आफैलाई भाग्यमानि सम्झेको छु । साथै जयपृथ्वी नगरपालिकामा वसोवास गर्ने सम्पूर्ण दाजुभाई दिदिबहिनीहरु राजा जयपृथ्वी बहादुर सिंहको भावना जस्तै सामाजिक, आर्थिक, राजनैतिक विकास कार्यक्रममा सम्पूर्ण नगरवासीहरुको मन मस्तिष्कमा जागोस भन्ने शुभकामना व्यक्त गर्दछु ।

साथै यहाँ उपस्थित भएर पूर्ण खोप नगरपालिका घोषणा गर्ने क्रममा संलग्न हुनु भएका नगरवासी दाजुभाई दिदिबहिनीहरु तथा सम्पूर्ण सज्जन बृन्दहरुमा मिति २०७२ सालको वडा दशैंको उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

राष्ट्रिय खोप कार्यक्रम नेपाल सरकारको पहिलो प्राथमिकताको कार्यक्रम हो । यस कार्यक्रम मार्फत वालवालिकाहरुलाई खोपबाट बचाउन सकिने रोगहरु लाग्नबाट बचाउन सुरक्षा प्रदान गरी ति रोगहरुबाट हुने विरामीदरमा कमि ल्याई शिशु तथा वाल मृत्युदर समेत घटाउने उद्देश्यले स्थायी, संस्थागत वाह्य तथा , घुम्ती खोप केन्द्र मार्फत नियमित रुपमा खोप सेवा प्रदान गर्दै आएको छ । खोप सेवालाई गुणस्तरीय सेवा प्रदान गर्दै आएका छौं ।

नेपालमा २०३४ सालमा विफर उन्मुलन पश्चात नेपालमा यो कार्यक्रम विस्तारित खोप आयोजनाको रुपमा धनुषा, रुपन्देहि, सिन्धुपाल्चोक जिल्लाबाट, डि.पि.टी. र वि.सि.जी. खोप सेवा प्रारम्भ भएको हो । वि.स. २०३६ देखि २०३७ सालमा पोलियो र दादुरा खोप थप गरि अन्य जिल्लामा विस्तार भएको थियो । जस अन्तर्गत ६ वटा रोगहरु क्ष्यरोग, दादुरा, भ्यागुत्ते रोग, धनुष्टङकार, लहरेखोकी, पोलियो, विरुद्ध खोपहरु समावेश गरिएको यसै गरि २०६० सालमा हेपाटाइटिस "वि" २०६४ सालमा जापनिज इन्सेफलाटिस, जोखिमपूर्ण जिल्लाहरुमा २०६६ सालमा हमोफिल्स, इन्फयुन्जा (हिय वि) खोप शरुवात गरियो । त्यसैगरि २०६९ सालमा दादुरा, रुवेला खोपको रुपमा समावेश गरियो । २०५५ साल देखि खोपबाट जोगाउन सकिने रोगहरुको नियन्त्रण निवारण र उन्मुलनको अनुगमन गर्नको लागि खोज पट्ताल (survylance) शुरु गरियो । अहिले नेपालबाट पोलियो उन्मुलन हुने क्रममा छ ।

कार्यकारी अधिकृत

राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत नेपालमा १ वर्ष सम्मका शिशुहरुलाई, ११ वटा सरुवा रोगहरु ( क्षयरोग भ्यागुते रोग, लहरे खोकी, धनुष्टङकार, हेपाटाइटिस वि, हिप वि, पोलीयो, दादुरा, रुवेला र जोखिमपूर्ण जिल्लाहरुमा १२-२३ महिनाका वालवालिकाहरुलाई जापनिज इन्सेफलाइटिस तथा गर्भवती महिलाहरुका लागि टि.डी खोप प्रदान गर्दै आएका छौं) यसको साथसाथै भर्खरै सन २०१४ देखि न्युमोकोकल कन्जुकेट (PCV) नियमित खोप कार्यक्रममा समावेस गरिएको छ । उपरोक्त खोप सेवाहरु तिन किसिमका सेवा केन्द्रहरुबाट सेवा प्रदान गर्दै आएको छ । (क) स्वास्थ्य संस्थाहरुवाट (ख) वाहृय खोप सेसनहरुवाट (ग) घुम्ति खोप सेवा केन्द्रबाट (घ) निजि तथा गैर सरकारी संस्थाले पनि खोप सेवा जिल्ला स्वास्थ्य कार्यालयको सहमतिमा सेवा प्रदान गर्दै आएको छ । यसरी देशभरी मासिक करिव १६ हजार खोप क्लिनिक संचालन हूंदै आएका छन । आ.व. ०६९/०७० को स्वास्थ्य सेवा विभागको वार्षिक प्रतिवेदन अनुसार नेपालमा सन २०१० अगष्ट देखि पोलीयोको अवस्था सुन्य रहेको छ ।
सन २००५ देखि नव शिशुहरुमा धनुष्टङकार रोगको निवारणको अवस्था कायम रहेको र दादुरा रोग नियन्त्रणबाटा उन्मुख रहेकोछ । हाल बझाङ्ग जिल्लाका सम्पूर्ण गा.वि.स.हरुमा माथि उल्लेखित खोपहरु प्रदान गर्दै आएको छ । बझाङ्ग जिल्ला स्वास्थ्य कार्यालयको योजना अनुसार बझाङ्ग जिल्लामा ३४ वटा गा.वि.स.हरु पूर्ण खोप युक्त भएको व्यहोरा अवगत गराउदछु ।

जयपृथ्वी नगरपालिकालाई पूर्ण खोपयुक्त न.पा. घोषणा गर्नको लागि चैनपुर, सुवेडा, रिठापाटा, हेमन्तवाडा र लुयाँटा स्वास्थ्य चौकी प्रमुखहरुको मिति २०७१ चैत्र २१ गतेका दिन बैठक बसी पूर्ण खोपयुक्त नगरपालिका गर्ने भन्ने निर्णय गरियो । हामी ५ वटै संस्थाका स्वास्थ्य कर्मिहरुले आ-आफ्नो संस्थामा व्यवस्थापन समितिको बैठक बसाली पूर्ण खोप युक्त नगरपालिका घोषणाको लागि प्रस्ताव गर्दा सबै संस्थाका व्यवस्थापन समितिले यो कार्यक्रमलाई स्वागत गर्नु भयो । हामीहरुले पूर्ण खोपयुक्त नगरपालिका घोषणाका लागि प्राथमिकरणको निर्धारण गर्दै योजना वनाएर कार्य सुरु गरियो ।
हामीले आ-आफ्नो स्वास्थ्य चौकी अन्तर्गतका वडाहरुमा रहेका म.स्वा.से.का., आमा समुह, स्वास्थ्य कर्मि र व्यवस्थापन समिति सक्रिय भइ आ-आफ्नो क्षेत्रमा कुनै पनि बच्चा खोप लगाउन छुटेको भए तुरुन्त खवर गर्ने र यसलाई खोप केन्द्रमा पठाउने भन्ने कार्य योजना अनुसार आ-आफ्नो दायित्व पुरा गर्ने हिसाबमा सम्पूर्ण स्वास्थ्य कर्मि, व्यवस्थापन समितिका पदाधिकारीहरु, महिला म.स्वा.से.का., आमा समुहका पदाधिकारीको सक्रियताले गर्दा आ-आफ्नो क्षेत्रमा कुनैपनि बालवालिका खोप लगाउनबाट वंचित नभएको सुनिश्चित गरियो ।

यो सम्पूर्ण प्रक्रिया पुरा गरि सके पछि मिति २०७२।६।८ गतेका दिन जयपृथ्वी नगरपालिकाका प्रमुख श्री सन्त बहादुर सुनार ज्यूको अध्यक्षतामा बैठक बसी ५ वटा स्वास्थ्य संस्थाका प्रमुख, जि.स्वा.का. प्रमुख, नगरपालिकाका सम्पूर्ण कर्मचारीहरु, NGO,INGO, सुआहारा, UMN को उपस्थितिमा जिल्ला खोप समन्वय समितिलाई सुलभ सर्वेक्षणका लागि अनुरोध गर्ने निर्णय गरियो ।

जिल्ला खोप समन्वय समितिले जयपृथ्वी नगरपालिका अन्तर्गतका १५ वटा वडाहरु सुलभ सर्वेक्षण गरि जयपृथ्वी नगरपालिकामा सबै बालवालिकाहरुले पूर्ण खोप पाएको पुष्टि गरियो । फेरी मिति २०७२।६।१८ गते जयपृथ्वी नगरपालिकाका प्रमुख ज्यूको अध्यक्षतामा बैठक बसी जयपृथ्वी नगरपालिकालाई मिति २०७२ असोज २४ गते पूर्ण खोपयुक्त नगर घोषणा गर्ने निर्णय गरियो । आजको घोषणा सभाको आयोजना भयो यस प्रकार जयपृथ्वी नगरपालिका पूर्ण खोपयुक्त नगरपालिका घोषणाको साथै आगमी दिनमा पनि वालवालिकाहरुलाई पूर्ण खोप १ वर्ष भित्रमा प्रदान गरिने चैनपुर, रिठापाटा, सुवेडा, लुयाँटा र हेमन्तवाडा स्वास्थ्य संस्थाहरु प्रतिवद्धता जाहेर गर्दछु । यी संस्थाहरुमा कार्यरत स्वास्थ्य कर्मि महिला स्वास्थ्य स्वयं सेवीका, व्यवस्थापन समितिका पदाधिकारी ज्यूहरु, राजनीतिक दल, शिक्षक, बुद्धिजीवी, आमा समुह, सर्वसाधारणहरु धन्यवादका पात्र हुन । यहाँहरुको अथक प्रयास र अतुलनीय सहयोगले गर्दा आज हामी जयपृथ्वी नगरपालिकाललाई पूर्ण खोपयुक्त नगरपालिका घोषणा गर्न सफल भएका छौं । यो कार्यक्रमलाई जयपृथ्वी नगरपालिका, राजनीतिक दल, युनिसेफ, सुआहारा, UMN , विभिन्न विद्यालय, जि.स्वा.का. बझाङ्ग, म.स्वा.स.का. आमा समुह, व्यवस्थापन समिति,

कार्यकारी अधिकृत

आदरणीय आमा बुवा, दाजुभाई, दिदिबहिनीहरु प्रति हामी आभार व्यक्त गर्दछु । यो कार्यक्रममा उपस्थित भई दिनु भएकोमा स्वास्थ्य संस्था संचालन एवं व्यवस्थापन समितिका अध्यक्ष ज्यू लगायत जि.स्वा.का.प्रतिनिधि ज्यू, नगरपालिकाका प्रमुख तथा प्रतिनिधि ज्यू, विभिन्न कार्यालयका कार्यालय प्रमुख तथा प्रतिनिधि ज्यूहरु, विभिन्न राजनीतिक दलका प्रतिनिधि ज्यूहरु, गुरु वर्ग, कर्मचारी मित्रगण, पत्रकार बन्धु, सुरक्षा कर्मि, म.स्वा.से.का ज्यूहरु, आमा समुहका प्रतिनिधि ज्यू, भाई बहिनी लगायत आम जनसमुदायमा आभार व्यक्त गर्दछु । कुनै पनि वालवालिका खोपबाट बंचित नहुन भन्ने हेतुले बच्चा जन्मना साथ बच्चालाई भेट्ने र खोप दिने, खोप लगाउने स्थान, मिति र समयको वारेमा जानकारी दिने काम सुरुवात गरियो । यदि बच्चा छुटेका छन भने लिस्ट तयार पार्ने काम भयो । र छुटेका वालवालिकाको नाम लिस्ट तयार पारेर खोप लगाउने कार्यमा लगाउने म.स्वा.से व्यवस्थापन समितिका पदाधिकारी ज्यूहरु, आमा समुहका पदाधिकारी ज्यूहरुलाई हृदय देखिनै धन्यवाद दिन्छौं ।

पूर्ण खोपयुक्त नगरपालिका घोषणा कार्यक्रमलाई सफल पार्नका लागि ५ वटा स्वास्थ्य संस्थामा मिति २०७२।६।१९ गतेका दिन व्यवस्थापन समिति, म.स्वा.से लगायत सरोकारवालाहरुको १ दिने परिचयात्मक गोष्ठि गरियो र कामको बाँडफाड पनि गरियो सबैले आ-आफ्नो जिम्मेवारी वहन गर्दै आज यो पूर्ण खोपयुक्त नगरपालिका घोषणा गर्न सफल भयौं ।

१२ देखि २३ महिना सम्मका पूर्ण खोप लगायका वालवालिकाहरुको विवरण

चैनपुर : २६१
रिठापाटा : ७९
सुवेडा : ९६
हेमन्तवाडा : ६५
लुयाँटा : ६२
जम्मा : ५६३ जना रहेका छन ।

कार्यकारी अधिकृत

# प्रतिवद्धता

हामी जयपृथ्वी नगरपालिका वासीहरु जनतालाई साक्षी राखी हाम्रो नगरपालिकामा जन्मेदेखि १ वर्ष मुनिका वालवालिकाहरुलाई प्राणघातक रोगबाट बचाउनका लागि सबै खोपहरु पुरा गर्ने छौं । अव उपरान्त कुनै वालवालिका खोपबाट बंचित हुन दिने छैन । खोप कार्यक्रमलाई आफ्नो कार्यक्रम सम्झी सदा सहायोग गर्नेछौं भनि हामी सम्पूर्ण स्वास्थ्य कर्मिहरु, व्यवस्थापन समितिका पदाधिकारीहरु, म.स्वा.से. र नगरपालिकाले प्रतिवद्धता व्यक्त गर्दछु ।

# धन्यवाद

# घोषणा पत्र

स्थानीय स्रोतको उपयोग स्वामित्व र सहभागिता पूर्ण खोप नगरपालिका हाम्रो प्रतिवद्धता भन्ने मुल नाराका साथ सुरु गरिएको अभियानमा पूर्ण खोप पाउने १ वर्ष मुनिका वालवालिकाहरुको नैसर्गिक अधिकार हो भन्ने खोपको पहुंचमा पुऱ्याने अभिभावकको कर्तव्य हो । खोप दिनु स्वास्थ्य कर्मिको दायित्व भएकाले आज मिति २०७२ साल आश्विन २४ गते ज.न.पा. पूर्ण खोपयुक्त नगरपालिका घोषणा भएको छ ।

कार्यकारी अधिकृत